# सहकारी संस्थाहरुलाई विवरण उपलव्ध गराउने वारे सुचना

## प्रथम पटक प्रकाशित मिति : २०८०।०७।१३

म्याग्दे गाउँपालिका सहकारी ऐन २०७५ मा भएको व्यवस्था वमोजिम सवै सहकारी संस्थाहरुले प्रत्येक वर्ष तोकिए वमोजिमका विवरणहरु तोकिएको ढाँचामा तोकिएको समय भित्र रजिष्ट्रार समक्ष अनिवार्य पेश गर्नुपर्ने व्यवस्था रहेको भएता पनि सवै सहकारी संस्थाहरुबाट उपरोक्त वमोजिम भए गरेको नपाईएकोले यो सुचना प्रकाशन गरिएको छ । यस पालिकाको नियमन क्षेत्राधिकार भित्र पर्ने सवै सहकारी संस्थाहरुले यो सुचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र तपशिल वमोजिमका विवरणहरु अनिवार्य रुपमा पालिकामा पेश गर्नुहुन जानकारी गराईन्छ । अन्यथा कानुन वमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल :

१) सहकारी संस्थाको आ.व. ०७९।८० को साधारण सभाको उपस्थिती तथा निर्णयको प्रमाणित प्रतिलिपि सहितको प्रतिवेदन

२) आ.व ०७९।०८० को लेखा परिक्षण प्रतिवेदन

३) संस्थाको संञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको फोटो र नागरिकताको प्रतिलिपी सहितको तिन पुस्ते विवरण

४) संञ्चालक सदस्यले लिएको ऋण तिर्न वाँकी रहेको रकम

५) बार्षिक कार्यक्रम नीति तथा योजना

६) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण

पुनश्च : प्रत्येक महिनाको ७ गते भित्र अघिल्लो महिनाको मासिक प्रतिवेदन अनिवार्य रुपमा पेस गर्नु पर्ने ।

२०८०।०७।१३

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
घाँसीकुवा, तनहुँ
गण्डकी प्रदेश, नेपाल

जित ...
प्रमुख प्रशासकीय अधिकृत